# प्रोग्रेशिभ फाइनान्स लिमिटेडको

# १९औं वार्षिक साधारण सभा बस्ने बारे सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७३/०२/१४)**

यस वित्तीय संस्थाको संचालक समितिको मिति २०७३/०२/१३ मा बसेको ३३८औं बैठकको निर्णयानुसार कम्पनीको १९औं वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न देहाय बमोजिमको मिति, समय र स्थानमा हुने हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थित तथा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

मिति : **२०७३ साल आषाढ ३ गते, शुक्रबार (तदनुसार जुन १७, २०१६)**

समय : **दिउसो ३:०० बजे ।**

स्थान : **रोयल बैन्क्वैट एण्ड रेष्टुरेन्ट**, तिनकुने, कोटेश्वर, काठमाण्डौं ।

**छलफलका विषयहरूः**

**(क) सामान्य प्रस्तावहरूः**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्युद्वारा प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७२ आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व. ०७१/०७२ को नाफा नोक्सान हिसाब र नगद प्रवाह सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

३) लेखापरिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७२/०७३ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हालका लेखापरीक्षक श्री सुजन कुमार काफ्ले एण्ड एशोशियट्स पुनः नियुक्तीका लागि योग्य हुनुहुन्छ ।)

४) विविध ।

**(ख) विशेष प्रस्तावहरूः**

१) पूँजी संरचना परिवर्तन गर्न प्रबन्धपत्रमा संशोधन गर्ने सम्बन्धमा ।

२) वल्ड मर्चेण्ट बैंकिङ एण्ड फाइनान्स लि. लाई प्राप्ति (समाहित) गर्ने सम्बन्धमा ।

३) संचालक समितिको संरचना परिवर्तन गर्न नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

४) प्रबन्धपत्र तथा नियमावलीको संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

५) यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit) गर्ने, मान्यता प्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाम्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने । (विगत साधारण सभाको निरन्तरताका लागि )

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१) यस वित्तीय संस्थाको १९औं वार्षिक साधारण सभाको प्रयोजनको लागि शेयर दाखिल खारेजको काम मिति २०७३/०२/२६ देखि मिति २०७३/०३/०३ गतेसम्म बन्द रहनेछ ।

२) साधारण सभामा भाग लिन इच्छुक शेयरधनीले वार्षिक प्रतिवेदनका साथ प्रवेशपत्र शेयर प्रमाण-पत्र जस्तै नागरिकताको प्रतिलिपि, चालक अनुमतिपत्र वा परिचय पत्र अनिवार्य रूपले साथमा लिई आउनु हुन अनुरोध छ ।

३) सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय पाको न्यूरोड, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त व्यक्ति वित्तीय संस्थाको शेयरधनी हुनु पर्नेछ ।

४) प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भएमा प्रोक्सी दिएको भए तापनि स्वतः बदर हुनेछ ।

५) प्रतिनिधि मुकरर गर्दा केही शेयर आफैसँग राखी आफु समेत सभामा उपस्थित हुने किसिमले आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाइने छैन । सम्पूर्ण शेयरको लागि एकै व्यक्तिलाई मात्र प्रतिनिधि मुकरर गर्नु पर्दछ । साथै प्रतिनिधि (प्रोक्सी) दर्ता गरी सकेपछि सो लाई बदर गरी अर्को प्रतिनिधि पत्र (प्रोक्सी) दिन चाहनेले सो को जानकारी ४८ घण्टा अगावै दिई सक्नुपर्नेछ ।

६) नावालक वा विभिन्न शेयरधनीहरुको तर्फबाट वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न पाउने छ ।

७) एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकरर गरेकोमा सो बदर नगरी अर्को प्रतिनिधि मुकरर गरेमा जुन पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।

८) संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठित संस्थाद्धारा मनोनीत व्यक्तिले ल्याउने प्रोक्सी फारममा संस्थाको छाप, अधिकृत व्यक्तिको दस्तखत हुनुपर्नेछ ।

९) साधारण सभाको काम कारवाही कम्पनी ऐन २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ बमोजीम हुनेछ।

१०) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका दिउँसो १:०० बजेदेखि खुल्ला रहनेछ ।

११) छलफलको विषय मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा शुरु हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१२) शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासाहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।

१३) शेयरधनी महानुभावहरुको जानकारीको लागि वित्तीय संस्थाको वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन वित्तीय संस्थाको वेवसाइट www.pfltd.com.np मार्फत उपलब्ध गराइनेछ ।

१४) साधारणसभा सम्वन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र वित्तीय संस्थाको केन्द्रिय कार्यालय, पाको न्यूरोड, काठमाण्डौमा सम्पर्क राख्न सकिने छ ।

१५) सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरुले साधारण सभासँग सम्वन्धित कागजातहरु बाहेक यथासक्य झोला प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ ।


Progressive
Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

Pako Newroad, GPO Box No., 10390. Kathmandu
Tel : 4246402, 4241244, 4254929
Fax : 977-1-4246403
Email: info@pfltd.com.np